# पाठ्यक्रम गतिविधि

## चौमासिक बुलेटिन

कात्तिक २०६६ | वर्ष १२ | अङ्क - १


## सम्पादकीय

पाठ्यक्रम विकास केन्द्रबाट विविध गतिविधिहरू समेटेर चौमासिक रूपमा "पाठ्यक्रम गतिविधि" नामक जानकारीमूलक बुलेटिन प्रकाशन हुँदै आएको व्यहोरा सर्वविदितै छ। बुलेटिनको १२ औँ वर्षको पहिलो अङ्क लिएर पाठक वर्गसमक्ष उपस्थित भएका छौँ । विगतका अङ्कहरूमा विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकालगायत अन्य शैक्षणिक सामग्रीको विकास तथा परिमार्जन एवम् तिनको कार्यान्वयनको अवस्था, यस केन्द्रका वार्षिक कार्यक्रमसँग सम्बन्धित विविध सूचना एवम् जानकारी प्रकाशन गर्दै आएकोमा यस अङ्कमा पनि त्यस्तै प्रकृतिका जानकारीमूलक सामग्रीहरू प्रस्तुत गरिएको छ। यस अङ्कमा शैक्षिक सत्र २०६७ देखि लागू हुने कक्षा ५ का परिवर्तित पाठ्यपुस्तकको विवरण प्रस्तुत गरिएको छ । त्यस्तै प्राथमिक तह (कक्षा १–५) को पाठ्यक्रमसम्बन्धी जानकारीका साथै पाठ्यक्रम परिमार्जनसम्बन्धी क्षेत्रीय कार्याशालाको प्रतिवेदनको सङ्क्षिप्त सार समेत प्रस्तुत गरिएको छ। यस्ता सामग्रीहरूले यस केन्द्रको समसामयिक गतिविधिका बारेमा सम्बन्धित सरोकारवालालाई सुसूचित गराउने नै छन् भन्ने अपेक्षा गरिएको छ । अन्तमा यसलाई अझ व्यावहारिक बनाउन पाठकवर्गको रचनात्मक सुझावको अपेक्ष गरेका छौँ।

### वर्तमानमा लागू भइरहेको प्राथमिक तहको पाठ्यक्रम ढाँचा

| क्र. सं. | विषय | कक्षा १-३ | |
|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क |
| १. | नेपाली | ८ | १०० |
| २. | अङ्ग्रेजी | ५ | १०० |
| ३. | गणित | ६ | १०० |
| ४. | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | ६ | १०० |
| ५. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ५ | १०० |
| ६. | स्थानीय विषय/मातृभाषा | ४ | १०० |
| | जम्मा | ३४ | ६०० |

| क्र. सं. | विषय | कक्षा ४-५ | |
|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क |
| १. | नेपाली | ८ | १०० |
| २. | अङ्ग्रेजी | ५ | १०० |
| ३. | गणित | ६ | १०० |
| ४. | सामाजिक अध्ययन | ५ | ७५ |
| ५. | सिर्जनात्मक कला | ३ | २५ |
| ६. | विज्ञान तथा वातावरण | ४ | ५० |
| ७. | स्वास्थ्य तथा शारीरिक शिक्षा | ४ | ५० |
| ८. | स्थानीय विषय/मातृभाषा | ४ | १०० |
| | जम्मा | ३९ | ६०० |

## विद्यालय शिक्षाको कक्षा १–८ को पाठ्यक्रम ढाँचा विकास कार्यशाला गोष्ठीको प्रतिवेदनको सार :

विद्यालय शिक्षाका मार्गदर्शक दस्तावेजका रूपमा नेपालको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा विद्यालय क्षेत्र सुधार योजना जस्ता नीतिगत व्यवस्था लागू भइरहेका छन् । प्रारूपले विद्यालय शिक्षाका विषयक्षेत्र तोकिदिएको छ । साथै देशका बदलिँदो राजनीतिक, सामाजिक परिवेशअनुरूप नवीन अवधारणामा आधारित विषयक्षेत्र पनि कार्यान्वयनमा आइसकेका छन् । मौजुदा नीतिगत व्यवस्था, देशको विद्यमान परिवेश तथा मौजुदा पाठ्यक्रम ढाँचालाई दृष्टिगत गरी विद्यालय शिक्षा कक्षा १–८ को पाठ्यक्रम ढाँचा विकास गर्ने कार्य प्रारम्भ गरिएको छ । अत: पाठ्यक्रम विकास केन्द्रले यसमा समसामयिक परिमार्जन गर्न आवश्यक देखिएकाले देशभरबाट जिल्लास्तरमा प्रतिनिधिमूलक रूपमा विषयगत शिक्षकको छनोट गरी सुझाव सङ्कलन कार्यशाला सञ्चालन गरी प्राप्त सुझाव, पृष्ठपोषण सङ्कलन गर्ने कार्य प्रारम्भ गरेको छ ।

नेपालमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास, निर्माण, परिमार्जन, अद्यावधिक र प्रयोग गर्ने कार्य निरन्तर रूपमा हुँदै आएको छ । पाठ्यक्रम विकास केन्द्रले नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गर्दा सम्बन्धित शिक्षकलगायत अन्य सरोकारवालाहरूलाई पाठ्यक्रम परिमार्जनको औचित्यलगायत परिमार्जित पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, यसको क्षेत्र र क्रम तथा विस्तृतीकरणका साथै शिक्षणसिकाइ क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन जस्ता पक्षमा छलफल, सुझाव सङ्कलन गर्दै आवश्यक पृष्ठपोषण लिने परम्परा कायम राखेको छ । निम्न माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ६–८) लागू भएको करिब दस वर्ष पार भएपछि यसमा समसामयिक परिमार्जन गर्न आवश्यक देखिएकाले देशभरबाट जिल्लास्तरमा प्रतिनिधिमूलक रूपमा विषयगत शिक्षकको छनोट गरी सुझाव सङ्कलन कार्यशाला सञ्चालन गरी प्राप्त सुझाव, पृष्ठपोषण सङ्कलन गरेको हो ।

यसै सन्दर्भमा यस आ.व. २०६६/०६७ मा कक्षा ६–८ को पाठ्यक्रम परिमार्जन गर्ने क्रममा पूर्वाञ्चल तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्रका विषयगत शिक्षक, जिल्ला शिक्षा कार्यालय मोरङ, क्षेशिनि धनकुटा र शैक्षिक तालिम केन्द्र विराटनगरका प्रतिनिधिहरूको सहभागितामा सुझाव सङ्कलन गर्ने कार्यक्रमअन्तर्गत यो कार्यशाला सञ्चालन गरिएको थियो ।

### कार्यशालाको उद्देश्य

यस कार्यशालाका मुख्य उद्देश्य यस प्रकार थिए :

(क) विद्यालय शिक्षाको आधारभूत तह, कक्षा १–८ को प्रस्तावित पाठ्यक्रम ढाँचा निर्माणका लागि मस्यौदा तयार गर्नु ।

(ख) कक्षा ६–८ को पाठ्यक्रम परिमार्जनका लागि विषयगत सुझाव सङ्कलन गर्नु ।

### कार्यशाला सञ्चालन प्रक्रिया

(क) अभिमुखीकरण/प्रस्तुति, अन्तरक्रिया र छलफल

(ख) वैयक्तिक तथा सामूहिक अध्ययन

(ग) व्यक्तिगत कार्य /समूहकार्य/प्रस्तुति

(घ) सुझाव सङ्कलन

### कार्यशालाका प्रमुख विषयवस्तु

**ढाँचा निर्माण**

यस कार्यशालामा मूलत: निम्नानुसारका विषयवस्तुका बारेमा अन्तर्क्रिया, छलफल, वैयक्तिक तथा समूहगत अध्ययन र समूहकार्य एवम् प्रस्तुतिका माध्यमबाट सुझाव सङ्कलन गर्ने प्रयास गरिएको थियो :

### राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्था

**पाठ्यक्रम संरचना**

- आधारभूत तह (प्रथम चरण कक्षा १-३) को पाठ्यक्रम संरचना
- आधारभूत तह (दोस्रो चरण) ४-५ को पाठ्यक्रम संरचना
- आधारभूत तह (तेस्रो चरण) ६-८ को पाठ्यक्रम संरचना
- माध्यमिक तह (कक्षा ९-१२)
- पाठ्यक्रम संरचनासम्बन्धी विशेषताहरू
- पाठ्यक्रम सम्बद्ध अन्य पक्षहरू

**सिकाइका क्षेत्रहरू : कक्षा १ देखि ३ सम्म**

- आधारभूत साक्षरता (भाषाहरू/मातृभाषा)
- हिसाबसम्बन्धी ज्ञान (गणित)
- जीवनोपयोगी सीपहरू
- वातावरण शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा (एकीकृत)

**सिकाइका क्षेत्रहरू : कक्षा ४ देखि ५ सम्म**

**अनिवार्य विषय**

- नेपाली
- गणित
- अङ्ग्रेजी
- सामाजिक अध्ययन (एकीकृत)
- दुईओटा थप विषय विद्यालयले आ-आफ्नो आवश्यकतानुसार छनोट गर्न सक्नेछन् ।

**सिकाइका क्षेत्रहरू : कक्षा ६ देखि ८ सम्म**

**अनिवार्य विषयहरू**

- नेपाली
- अङ्ग्रेजी
- गणित
- सामाजिक अध्ययन (जनसङ्ख्या र नागरिक तथा नैतिक शिक्षासमेत)
- विज्ञान (स्वास्थ्य र शारीरिक, वातावरण शिक्षासमेत)

**ऐच्छिक**

- मातृभाषा/संस्कृत/अन्य
- स्थानीय विषय (पेसा, व्यापार, व्यवसाय तथा अन्य

**सिकाइका क्षेत्रहरू : कक्षा ९ देखि १२ सम्म**

**साधारण धारतर्फ सिकाइका प्रमुख विषय क्षेत्र :**

- भाषा
- विज्ञान
- गणित
- सामाजिक विज्ञान
- पेसा, व्यापार, व्यवसाय र थप ऐच्छिक विषयहरूको पनि व्यवस्था गरिएको छ ।

  व्यावसायिक/प्राविधिक धारअन्तर्गत कृषि, वनविज्ञान, इन्जिनियरिङ, चिकित्सा विधा आदि विषय क्षेत्र छन् ।

### सुझाव सङ्कलन

यस कार्यशालामा मूलत: निम्नानुसारका विषयवस्तुका बारेमा अन्तर्क्रिया, छलफल, वैयक्तिक तथा समूहगत अध्ययन र समूहकार्य एवम् प्रस्तुतिका माध्यमबाट सुझाव सङ्कलन गरी सुझाव प्राप्त गर्ने प्रयास गरिएको थियो :

१. पाठ्यक्रम र पाठ्यपुस्तक विकास प्रक्रिया

२. पाठ्यक्रमका उद्देश्यहरू

३. पाठ्यक्रमको विषयवस्तुको क्षेत्र तथा क्रम

४. विषयवस्तुको विस्तृतीकरण

५. पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरसम्बन्ध

६. पाठ्यक्रमका विशेषता (विषयगत)
७. पाठ्यपुस्तकका विशेषता (विषयगत)
८. सिकाइउपलब्धि/विशिष्ट उद्देश्य र विषयवस्तुको अन्तरसम्बन्ध एवम् पाठ्यपुस्तकमा तिनको प्रतिनिधित्वको स्थिति ।

यसरी उल्लिखित विषयवस्तुका सम्बन्धमा एकल तथा समूहगत क्रियाकलापका माध्यमबाट सुझाव सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको छ । स्थानाभावले यहाँ विस्तृत जानकारी प्रस्तुत गर्न सकिएन ।

**प्रस्तुतिमा उल्लिखित विषयवस्तुगत सुझावहरू**

**गणित समूह**

- कोणको रचनामा १५, ४५, १३५ डिग्रीको कोणको रचना पनि थप्नुपर्ने ।
- साधारण व्याजसम्बन्धी धारणा कक्षा ७ बाट नै थप्नुपर्ने ।

**नेपाली समूह**

- शिक्षकलाई सहयोगीका रूपमा लेखकको परिचय दिनुपर्ने ।
- प्रबन्ध विधा कम गरी रूपक विधा थप्नुपर्ने ।
- वर्णविन्यासको व्यावहारिक प्रयोगमा ध्यान दिनुपर्ने ।

**सामाजिक अध्ययन समूह**

- विषयवस्तुको व्याख्यात्मक प्रस्तुतिमा कमी आएको ।
- भूगोलका विषयवस्तु पाठ्यपुस्तकमा यथोचित रूपमा नसमेटिएको ।

**विज्ञान समूह**

- कक्षा ६ बाट गणितीय समस्या हटाउनुपर्ने ।
- कक्षा ७ मा परावर्तनका नियमहरू थप्नुपर्ने ।
- कक्षा ८ मा परमाणुको महत्व थप्नुपर्ने ।

## कार्यशालामा आइपरेका समस्याहरू

(क) कार्यशालाको विषयवस्तुअनुसारको कार्य गर्न समयावधि कम भएको ।
(ख) विषयगत शिक्षकको सहभागी सङ्ख्या न्यून भएको ।
(ग) कार्यशालाको विषयवस्तुका बारेमाभन्दा पाठ्यक्रम विकास केन्द्रका कमी कमजोरी, पाठ्यपुस्तक, शिक्षक निर्देशिकालगायतका शैक्षिक सामग्रीको प्राप्तिको समस्या तथा पाठ्यक्रम विकास केन्द्रको भूमिका चर्चा परिचर्चामा सहभागी बढी केन्द्रित रहने जमर्को भएको ।

**समाधानका प्रयासहरू**

(क) पाठ्यक्रम विकास केन्द्रको वर्तमान कार्यशैलीबारे जानकारी गराइएको र पाठ्यक्रम विकास केन्द्रको समस्या तथा भूमिकाबारे स्पष्ट गरिएको ।
(ख) पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयनमा शिक्षकको भूमिकाबारे छलफल गरिएको ।
(ग) पाठ्यक्रम प्रयोग गर्दा शिक्षक तथा सम्बन्धित सहभागीले नै निरन्तर रूपमा आफ्नो विषयसम्बन्धी समस्या तथा समाधानका उपायहरूको अभिलेख राख्ने तथा पाठ्यक्रम विकास केन्द्रमा पत्राचार गर्ने भन्ने छलफल भएको ।
(घ) छोटै समयमा पनि सहभागीलाई धेरै क्षेत्रमा कार्य गर्न सहजीकरण गरिएको ।
(ङ) कार्यशालाका सहभागीहरूमध्येबाटै समाधानका उपायहरू खोजिएको ।

## निष्कर्ष

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सघाउ पुऱ्याउने हेतुले विद्यालय शिक्षा कक्षा १-८ को प्रस्तावित पाठ्यक्रम ढाँचा तथा कक्षा ६-८ को पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन गर्न गरिएको यस कार्यशालाबाट पाठ्यक्रम अभिमुखीकरण, अध्ययन, समस्या तथा सुझाव सङ्कलन कार्यले सरोकारवालाहरूलाई उत्साहित बनाएको छ । पाठ्यक्रम विकास केन्द्रले राखेको अपेक्षा केही हदसम्म प्राप्त भएका छन् । यसप्रकारका कार्य गर्न सम्बन्धित सरोकारवालाहरूको उपयोग गर्न सकेको खण्डमा पाठ्यक्रम विकास केन्द्रको कार्यमा सरलता तथा चुस्तता आई सामाजिक आवश्यकता र समयको मागलाई सम्बोधन गर्न आवश्यकतामा आधारित पाठ्यक्रम विकासमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । साथै माथि समस्या खण्डमा उल्लिखित कुराहरूलाई आगामी दिनमा विशेष स्मरण गर्न आवश्यक रहेको छ ।

## शैक्षिक सत्र २०६७ मा लागू हुने कक्षा ५ का पाठ्यपुस्तकहरू

शिक्षा नियमावली २०५९ को नियम ३४ ले दिएको अधिकार प्रयोग गरी यस केन्द्रले विद्यालय पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्दै आएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ (कक्षा ४-५) अनुसार शैक्षिक सत्र २०६६ मा कक्षा ४ मा नयाँ पाठ्यपुस्तक लागू भएकोमा आगामी शैक्षिक सत्र २०६७ मा कक्षा ५ मा नयाँ पाठ्यपुस्तक लागू हुनेछन् । कक्षा ५ का लागि परिमार्जित पाठ्यपुस्तकहरू (संस्करण २०६६) यस प्रकार रेहका छन् :

१. मेरो नेपाली, कक्षा ५
२. मेरो गणित, कक्षा ५
३. मेरो विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा, कक्षा ५
४. मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला, कक्षा ५
५. My English Book Grade 5 (यो पुस्तक गत सत्रदेखि नै लागू भइसकेको) ।

## पाठ्यक्रम विकास केन्द्रका यस वर्षका प्रमुख कार्यक्रमगत गतिविधिहरू

**प्रमुख कार्यकमका क्षेत्र**

यस वर्ष निम्नलिखित कार्यक्रमका क्षेत्रअन्तर्गत पाठ्यक्रम तथा पाठ्यसामग्री विकाससम्बन्धी कार्यहरू भइरहेका छन् :

- सबैका लागि शिक्षा
- विद्यालय क्षेत्र सुधार
- सामुदायिक विद्यालय सक्षमता अभिवृद्धि

**पहुँचमा सुधारतर्फ**

- मातृभाषाको पाठ्यक्रम विकास, छपाइ तथा वितरण
- मातृभाषाको सन्दर्भ सामग्री विकास
- गुरुकुल, गुम्बा र मदरसाको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास

**गुणस्तर**

- गुणस्तर मानक निर्धारण
- निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका विकास

- प्रयोगात्मक कार्य निर्देशिका तथा खेल सामग्री विकास
- पाठ्यपुस्तक विकास (कक्षा ५)
- पाठ्यक्रम विस्तृतीकरण (माध्यमिक तह)
- जिल्ला प्रशिक्षक तयारी (निरन्तर विद्यार्थी मूल्याङ्कन र स्थानीय पाठ्यक्रम)
- कक्षा १-८ को पाठ्यक्रम ढाँचा निर्धारण
- शिक्षक निर्देशिका विकास (कक्षा ५)
- पाठ्यक्रम र पाठ्यपुस्तक प्रबोधीकरण (कक्षा ५)
- दुर्गम जिल्लाका लागि शिक्षक निर्देशिका विकास

**सक्षमता विकास**

- संस्थागत क्षमता विकास
- केन्द्रको स्रोतकेन्द्र भवन निर्माण

**भावी योजना (विद्यालयमा क्षेत्र सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा)**

१. कक्षा १-१२ को पाठ्यक्रम संरचना तथा विकास गर्नुपर्ने
२. पाठ्यपुस्तकको नमुना विकास गर्नुपर्ने ।
३. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई कक्षा ७ सम्म विस्तार गर्नुपर्ने ।
४. प्राविधिक शिक्षातर्फको पाठ्यक्रम विकास कार्यमा समन्वय गर्नुपर्ने ।
५. गुणस्तर तोक्ने र गुणस्तरअनुसार पाठ्यक्रम कार्यान्वयनमा सहजता प्रदान गर्नुपर्ने ।
६. बहु पाठ्यपुस्तक नीति कार्यान्वनयमा ल्याउनुपर्ने ।
७. बालमैत्री, समावेशी पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने ।
८. स्थानीय पाठ्यक्रम तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास प्रक्रियालाई सहजीकरण गर्ने ।
९. पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गर्ने ।

**राम्रा अनुभव**

- राष्ट्रिय पाठ्यक्रम प्रारुपको व्यवस्था
- स्थानीय पाठ्यक्रमको व्यवस्था
- निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको व्यवस्था
- प्राथमिक पाठ्यक्रममा समसामयिक सुधार
- विविध प्रकारका बालसन्दर्भ सामग्रीको विकास

**समस्या**

१. संस्थागत क्षमता विकास (शिक्षाका नवीनतम चिन्तन तथा सिद्धान्तअनुसार)
२. प्राविधिक सक्षमताको खाँचो

- पाठ्यपुस्तक र शिक्षक निर्देशिका लेखन
- वेब डिजाइन
- बालमैत्री पाठ्यपुस्तक विकास
- समावेशी पाठ्यक्रम विकास

३. प्राविधिक उपकरणको कमी (कम्प्युटर, फोटोकपी, फ्याक्स, ल्यापटप आदि)
४. प्राविधिक कर्मचारी (कम्प्युटर अधिकृत, सहायक आदिको कमी)
५. सवारी साधनको अभाव (वाह्य स्रोत व्यक्ति व्यवस्थापन गर्नमा कठिनाइ)
६. नर्सको समस्या (वाह्य स्रोत व्यक्तिको प्रयोगमा गर्नमा अत्यन्त कठिनाइ)
७. विद्युत आपूर्तिको समस्या र पाठ्यसामग्री विकासमा व्यवधान (जेनेरेटरको अत्यावश्यकता)

**अन्य विविध जानकारी**

**(क) पाठ्यपुस्तक छपाइ तथा वितरण निजी क्षेत्र र जनक शिक्षा सामग्री केन्द्र लि.**

- जनक शिक्षाले सबै जिल्लाका लागि छपाइ तथा वितरण गर्ने
- निजी क्षेत्रका १३ ओटा प्रेसबाट कक्षा १-८ का पाठ्यपुस्तक पूर्वाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा छपाइ तथा वितरण गर्ने ।

**(ख) मातृभाषाका पाठ्यपुस्तकहरू**

आ.व. २०६५/०६६ सम्म १७ ओटा मातृभाषा (मैथिली, भोजपुरी, अवधी, तामाङ, लिम्बू, थारू, मगर, नेवारी, वान्तवा राई, गुरुङ, शेर्पा, चाम्लिङ राई, राजवंशी, कोइँच (सुनवार राई), याक्खा (राई), मुगाली (भोटे), थारू (मध्यक्षेत्र), पाठ्यपुस्तक विकास भई वितरण भएको छ । सोही अवधिमा १२ ओटा मातृभाषाका बाल सन्दर्भ सामग्रीहरू (मैथिली, भोजपुरी, अवधी, लिम्बू, थारू, नेवार, मगर ढुट, गुरुङ, डोटेली, चाम्लिङ राई, थकाली, संस्कृत विकास भइसकेका छन् ।

यस आ.व.मा ३ ओटा मातृभाषामा (उर्दू, वान्तवा र शेर्पा) सन्दर्भ सामग्रीहरूको लेखन कार्य सुरु भएको छ । त्यसैगरी मुगाली कक्षा २, याक्खा कक्षा ३, राजवंशी कक्षा ४, सुनुवार कक्षा ४ र तामाङ (सम्भोटा लिपि) कक्षा १ का पाठ्यपुस्तक विकास भइरहेका छन् ।

**(ग) गुरुकुल, गुम्बा र मदरसासम्बन्धी जानकारी**

- गुरुकुल कक्षा १-५ को पाठ्यक्रम विकास भई कक्षा १ को पाठ्यपुस्तक विकास भइसकेको (परिषदबाट स्वीकृत हुन बाँकी)
- मदरसाको कक्षा १-५ को पाठ्यक्रम संरचना विकास भएको तर परिषदबाट स्वीकृत हुन बाँकी
- यही वर्ष मदरसाको कक्षा १ को पाठ्यपुस्तक विकास गर्ने कार्यक्रम रहेको
- गोन्पा शिक्षाको कक्षा १-५ पाठ्यक्रम स्वीकृत भई कक्षा १-५ को पाठ्यपुस्तक समेत विकास भएको र यस वर्ष कक्षा
  ६-८ को पाठ्यक्रम र पाठ्यपुस्तक विकास गर्ने कार्यक्रम रहेको छ ।

सम्पादक मण्डल : शम्भुप्रसाद दाहाल, विष्णुप्रसाद अधिकारी, दुरपदा सापकोटा, लोकप्रकाश पण्डित र सहायक : रबिन श्रेष्ठ
प्रकाशक : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
फोन. नं. : ६६३०५८८, ६६३४११९ फ्याक्स : ६६३०७९७
**email :cdc@ntc. net.np. URL :www.moescdc.gov.np**